"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधाररव्यापार; सुन्दर, समृद्धतथासमुन्नतगौरकोआधार"

# गौर नगरपालिका

# Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

गौर,रौतहट
Gaur,Rautahat
प्रदेशनं. २, नेपाल
Province No,2,Nepal

पत्र संख्य/Ref.No.: २०७८/०७९
चलानी न/Dispatch No.

मिति/Date:२०७८/०६/०८

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/०८**

प्रस्तुत विषयमा गौर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाईलाई थप प्रभावकारी बनाउन विभिन्न तह र विषयका शिक्षण स्वयंसेवकहरु शिक्षण स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो विवरण सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाबाट निर्धारित दस्तुर तिरी दरखास्त फाराम लिई दरखास्त दिनु हुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | तह | विषय | | | | | | | | योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | जन.तथा स्वा. | कम्प्युटर | कुल जम्मा पद | मान्यता प्राप्त शिक्षण संस्था बाट सम्बन्धित तह र विषयमा क्रमशः स्नातक, प्रविणता प्रमाण पत्र र SLC/SEE वा सो सरह परीक्षा उर्तीण गरेको । |
| १ | ०१/०७८/०७९ | मा.वि. | २ | १ | २ | १ | - | - | १ | ७ | |
| २ | ०२/०७८/०७९ | आधारभुत तह (क) | ४ | २ | ३ | २ | २ | १ | २ | १६ | |
| | | आधारभुत तह (ख) | १ | - | - | १ | - | १ | १ | ४ | |
| ३ | ०३/०७८/०७९ | बाल विकास | केही | | | | | | | | |

- **दरखास्त दिने स्थानः** गौर नगरपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा ।
- **सम्पर्क मिति/अन्तरवार्ता मितिः** म्याद सम्पात भएको भोलिपल्ट सम्पर्क मितिका दिन तोक्ने छ ।सार्वजनिक बिदा परेमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
- **छनौटको किसिमः** गौर नगरपालिका शिक्षण स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७८ अनुसार ।
- **सेवा सुविधाः** गौर न.पा.को शिक्षण स्वयंसेवक पारिचालन सम्बन्धी कार्यविधि-२०७८ बमोजिम
- **सेवा करार अवधिः** शैक्षिक सत्र २०७८/०७९
- **गर्नु पर्ने कार्य :** यस कार्यालयद्वारा तोकिएको विद्यालयमा शिक्षण ।
- **दाबी नपुग्नेः** शिक्षण स्वयंसेवकको रुपमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा स्थायी वा अस्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन ।
- प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनु पर्ने ।
- **उमेरः** २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
- सामुदायिक विद्यालयमा अध्यापन कार्यमा कार्यरत शिक्षकलाई एक पटकको लागि उमेर हद लाग्ने छैन ।
- **आवेदक साथ सलग्न कागजातहरुः**
  - नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
  - न्युनतम योग्यकताको लब्धाकपत्रको प्रतिलिपी,
  - चारित्रीक प्रमाणपत्रको प्रतिलिपी,
  - शिक्षण अनभुव खुल्ने कागजातहरु,
  - वि.न.: ०१/०७८/०७९ तथा वि.न.: ०२/०७८/०७९ को दरखास्त साथ अनिवार्य रुपले शिक्षण अध्ययन अध्यापन अनुमति पत्रको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
- **दरखास्त दस्तुरः** गौर नगरपालिकाको कार्यालयको राजश्व शाखामा देहाय अनुसार राजश्व तिरेको रसिद सक्कलै संलग्न गर्नु पर्नेछ ।

  मा.वि.:- १०००/- (एक हजार मात्र) ।
  आधारभुत :-५००/- (पाँच सय मात्र) ।
  बालविकास :- ३००/- (तिन सय मात्र) ।

२०७८/०६/०८

नि. प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत